# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।१२।०७ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।१२।०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

<u>देहायः</u>

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | बिजय कुमार चौधरी र प्रियंका कुमारी चौधरी (विशेष अदालतको मुद्दा नं. ०७५-CR-०१६५ र फैसला मिति २०८०/०३/१५) | गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट प्रतिवादी बिजय कुमार चौधरीले सरकारी सेवामा प्रवेश गरेको मिति २०५१/०६/१६ गतेदेखि मिति २०७५/०३/३२ गतेसम्मको जाँच अवधिमा आर्जन गरेको वैध आय **रु. ६७,६८,३१६।३२ (सतसठ्ठी लाख अडसठ्ठी हजार तीन सय सोह्र र पैसा बत्तीस मात्र)** को तुलनामा सोही अवधिमा निजले **रु. २,८२,२७,१५०।४६ (अक्षेरेपि दुई करोड बयासी लाख सत्ताईस हजार एक सय पचास र पैसा छयालीस मात्र)** लगानी तथा खर्च (व्यय) गरेको देखिँदा निजको आय भन्दा बढी खर्च गरेको रकम **रु. २,१४,५८,८३४।१४ (अक्षेरेपि दुई करोड चौध लाख अन्ठाउन्न हजार आठ सय चौतीस र पैसा चौध मात्र)** बराबरको सम्पत्तिको स्रोत खुलेको | <u>**फैसला:**</u> आंशिक वादी दावी पुग्ने।<br><u>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**</u><br><u>**आयतर्फः**</u><br>**(क) प्रतिवादी बिजय कुमार चौधरीको तलब भत्ता बचतः**<br>▪यस शीर्षकमा आ.व. २०६८/०६९ सम्म आयोगबाट ३०% जीवन निर्वाह खर्च कटाई जम्मा रु. २२,४५,३४३।१० कायम गरिएकोमा प्रतिवादी बिजय कुमार चौधरीले वादी आफैले तयार पारेको आरोपपत्रको पृष्ठ ३, तालिका नं. ३ मा उल्लेख भएको सेवा अवधि भरिको पारिश्रमिक नजोडी आ.व. २०६८/०६९ सम्मको मात्र समावेश गरेको हुँदा प्रतिवादीको सम्पूर्ण सेवा अवधि भरिकै पारिश्रमिक वापतको रकम आयमा गणना गरिनु पर्छ भनी जिकिर लिएको। यस सम्बन्धमा, प्रतिवादीको सम्पूर्ण CHECK PERIOD भरिकै आय व्ययको समग्र हिसाब गरेर स्रोत पुग्छ की पुग्दैन भनेर हेर्नु पर्ने हुँदा वादीले अनुसन्धानबाट निकालेको तलब भत्ताको विवरणमा उल्लिखित सम्पूर्ण रकम रु. ४४,६१,६३०।२६ नै प्रतिवादीको तलब भत्ता वापतको रकम कायम हुने देखिएको,<br>▪कुनै पनि कर्मचारीलाई कार्यालय जान आउन, खाजा, खाना लगायत घरायसी खर्चको लागि न्यूनतम पनि पारिश्मिकको ३०% रकम आवश्यक हुने अदालती मान्यता स्थापित भएको देखिँदा बिना कानुनी आधार जीवन निर्वाह वापतको प्रतिशत दर घटाउन मिल्ने नदेखिँदा प्रतिवादीको पारिश्रमिक आयमा जीवन निर्वाह खर्च ३०% कटाएको नमिलेको भनी लिएको जिकिरसँग सहमत हुन नसकिएको।<br>**(ख) प्रतिवादी बिजय कुमार चौधरीका बाबुको तलब भत्ता र पेन्सनः**<br>▪प्रतिवादी बिजय कुमार चौधरीका बाबु राजेन्द्र चौधरीले भारतको हाई स्कूलमा शिक्षक रही सन् १९९५ (आ.व. २०५१/०५२) देखि सन् २००२ (आ.व. २०५८/०५९) सम्म काम गरे वापतको तलब भत्तामा ३०% जीवन निर्वाह खर्च कटाई जम्मा रु. १५,१८,५३१।८४ र प्रतिवादीका बाबु अवकाश भए पश्चातको पेन्सन आयमा आ.व. २०५९/०६० (ई.सं. २००३) देखि आ.व. २०६८/०६९ (ई.सं. २०१२) सम्म १५% जीवन निर्वाह खर्च कटाई जम्मा रु. १९,५१,४७४।८८ गरी यस शीर्षकमा आयोगबाट जम्मा रु. ३४,७०,००६।७२ कायम गरिएको देखिएको। यस सम्बन्धमा, आरोपपत्रको पृष्ठ ४, तालिका नं. ४ मा आ.व. २०५९/०६० (ई.सं. २००३) देखि आ.व. २०७४/०७५ (ई.सं. २०१८) सम्म प्रतिवादीका बाबु राजेन्द्र चौधरीको पेन्सन रकम देखाइएको तर सबै रकमलाई आयमा जोडिएको नदेखिँदा प्रतिवादी बिजय कुमार चौधरीको सेवा अवधि भरको सर-सम्पत्तिको जाँच गरिएको हुँदा सम्पूर्ण जाँच अवधिको आय र व्यय गणना गर्नु पर्ने हुँदा आरोपपत्रको पृष्ठ ४, तालिका नं. ४ मा जीवन निर्वाह खर्च कटाई प्रतिवादीका | **५. प्रस्तुत मुद्दामा वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका आय/व्ययतर्फका शीर्षकहरु बाहेक, सम्मानित विशेष अदालतबाट देहाय बमोजिमका आय र व्ययतर्फका शीर्षकहरुमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेको छः**<br>**आयतर्फः**<br>**(क) कृषि आयः**<br>**(अ)** यस शीर्षकमा आ.व. २०६८/०६९ सम्म मात्र जिल्ला कृषि विकास कार्यालय, महोत्तरीबाट प्राप्त पत्रहरु समेतका आधारमा आयोगबाट सम्पूर्ण जग्गा अधियाँमा लगाएको देखिएको भनी प्रतिवादीको कूल कृषि आयमा ३०% लागत कटाई बचत हुने रकमको १ भागमा पर्ने रकम जम्मा रु. १०,०५,२६६।५० प्रतिवादीको आयमा गरिएको मूल्याङ्कनलाई नमानी सम्मानित विशेष अदालतबाट प्रतिवादीले जग्गा कमाउन अरु व्यक्तिलाई दिएको भन्ने पुष्टि नभएको भनी मिति २०५१/०६/१६ गतेदेखि मिति २०७५/०३/३२ गतेसम्मको सम्पूर्ण जाँच अवधिमा प्रतिवादीको कृषि आय रु. ३६,९२,९८३।— कायम गरिएको मनासिब नै देखिएको।<br>**(आ)** अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मिति २०७२/१०/०५ मा दर्ता भएको उजुरी निवेदनको आधारमा अनुसन्धान भई मिति २०७५/१०/१८ मा विशेष अदालत, काठमाडौंमा प्रस्तुत मुद्दा दायर भएको देखिन्छ। अनुसन्धानको क्रममा जिल्ला कृषि विकास कार्यालय, महोत्तरीबाट मिति २०७४/१०/२१ र मिति २०७४/१२/१९ गतेका प्राप्त पत्रहरुको आधारमा आयोगबाट प्रतिवादी बिजय कुमार चौधरीको कृषि आय मूल्याङ्कन गरिएको देखिन्छ। तर, जिल्ला कृषि विकास कार्यालय, महोत्तरीबाट प्राप्त तोरीको दरभाउ के-कस्तो आधारमा अमान्य हुने र कृषि ज्ञान केन्द्र, महोत्तरीबाट प्राप्त तोरीको दरभाउ के-कस्तो आधारमा मान्य हुने विषयमा कुनै आधार, कारण र वस्तुनिष्ठ प्रमाण बिना नै वि.सं. २०७७ सालमा मधेश प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत स्थापित कृषि ज्ञान केन्द्र, महोत्तरीबाट प्राप्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नदेखिएबाट उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको देखिँदा प्रतिवादी बिजय कुमार चौधरीले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएकोले **बिगो रु. २,१४,५८,८३४।१४ (अक्षरेपि दुई करोड चौध लाख अन्ठाउन्न हजार आठ सय चौतीस र पैसा चौध मात्र)** कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ग तथा दफा २९ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुन र प्रतिवादी बिजय कुमार चौधरीले गैरकानुनी रुपमा आर्जन गरेको चल अचल सम्पत्तिहरु साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार | बाबु राजेन्द्र चौधरीले प्राप्त गरेको तलब भत्ता रु. १५,१८,५३१।८४ र पेन्सन वापतको रु. ३७,१४,०३४।८८ गरी जम्मा रु. ५२,३२,५६६।७२ आयमा जोडिने देखिएको।<br>▪प्रतिवादी बिजय कुमार चौधरीका पिता राजेन्द्र चौधरी जागिरमा बहाल रहँदा भारतमा अलग बस्नु पर्ने परिस्थितिलाई विचार गरी तलब भत्तामा र अवकाश पश्चात प्राप्त रकममा ३०% जीवन निर्वाह कटाएको कुरालाई अन्यथा भन्नु पर्ने नदेखिएको।<br>**(ग) कृषि आयः**<br>▪यस शीर्षकमा आ.व. २०६८/०६९ सम्म आयोगबाट जिल्ला कृषि विकास कार्यालय, महोत्तरीको च.नं. ५०१ मिति २०७४/१०/२१ को प्राप्त पत्रसाथ संलग्न सक्कलै मुचुल्काको र आ.व. २०७३/०७४ को हकमा, च.नं. ६४७ मिति २०७४/१२/१९ गतेको प्राप्त पत्रानुसार सम्पूर्ण जग्गा अधियाँमा लगाएको देखिँदा प्रतिवादीको कूल कृषि आयमा ३०% लागत कटाई बचत हुने रकमको १ भागमा पर्ने रकम जम्मा रु. १०,०५,२६६।५० प्रतिवादीको आयमा गणना गरिएको देखिन्छ। प्रतिवादी सुरेश कुमार शर्माले आफैले नै खेती लगाउने गरेको र अधियाँमा नदिएको हुँदा सम्पूर्ण कृषि आय जोडिनुपर्ने, कृषि आयको दर पनि नमिलेको र उत्पादन गरेका सबै कृषि उत्पादको आय नजोडिएको भनी जिकिर लिएको देखिएको।<br>▪यस सम्बन्धमा जिल्ला कृषि विकास कार्यालय, महोत्तरीको च.नं. ५०१ मिति २०७४/१०/२१ को पत्रमा आयोगले माग गरेको जानकारीको सम्बन्धमा स्थानीय व्यक्तिको रोहवरमा तयार गरी पठाइएको मुचुल्कामा प्रतिवादीको जग्गा अधियाँमा लागेको भनी बटैयादारहरुको भनाईबाट बुझिन आएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। उक्त मुचुल्का कुन मितिमा तयार पारिएको भनी मिति उल्लेख भएको नदेखिएको; सो मुचुल्कामा उल्लिखित व्यक्तिहरु झगलु मण्डल, मिथलेश मण्डल, महेन्द्र यादव, श्री कृष्ण पाण्डे, जय किशोर पाण्डे, रामस्नेही चौधरी र संजय साह जग्गा कमाउने अधियार हुन् वा गाउँका भद्र भलादमी हुन् भनी निजहरुको हैसियत खुलेको नदेखिएको; वादीले निजहरुलाई साक्षी राखेको वा अदालतमा बकपत्र गर्न माग गरेको वा बकपत्र भएको नदेखिएको; सो मुचुल्कामा कुनै जनप्रतिनिधिलाई रोहवरमा राखेको नदेखिएको र प्रतिवादीका साक्षी झगलु भन्ने दामोदर मण्डलले अदालत समक्ष प्रतिवादीहरुले आफ्नो खेतीपाती आफैले गर्ने गरेका, निज स्वयंले प्रतिवादीहरुकोमा मजदुरी गर्ने गरेको भनी बकपत्र गरेको देखिएको अवस्थामा प्रतिवादीले आफ्नो जग्गा अधियाँमा लगाएको भन्ने कुरा पुष्टि हुन नसकेको। वादीले सोही मुचुल्काको आधारमा प्रतिवादीले आफ्नो जग्गा अधियाँमा लगाएको तथ्य पुष्टि भएको नदेखिँदा सम्पूर्ण कृषि आम्दानी प्रतिवादीको आयमा जोडिने देखिएको।<br>▪जिल्ला कृषि कार्यालय, महोत्तरीको दर भाउ नमिलेको, कृषि ज्ञान केन्द्रबाट प्राप्त बढी दर भाउ बमोजिम विगतदेखि पछिल्लो जाँच अवधिसम्मको कृषि आय जम्मा रु. ४१,८५,५७७।— हुने भनी प्रतिवादीले जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, | तोरीको दरभाउको आधारमा तोरीको मूल्य जम्मा रु. ३,८८,३३३।— कायम गरी प्रतिवादीको आयमा जम्मा रु. ४०,८१,३१६।— गणना गरी सम्मानित विशेष अदालतबाट भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(ख)** प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट प्रतिवादी बिजय कुमार चौधरीको तलब भत्ता बचत रु. ४४,६१,६३०।२६; प्रतिवादी बिजय कुमार चौधरीका बाबुको तलब भत्ता र पेन्सन रु. ५२,३२,५६६।७२ र नगद लाभाँश रु. १,५७,४३१।५६ प्रतिवादीको आयमा कायम गरी सम्मानित विशेष अदालतबाट भएको फैसला अन्यथा पुष्टि हुने अवस्था नदेखिँदा पुनरावेदक/वादीको थप जिकिर रहेको छैन।<br>**(ग)** आयोगबाट गणना नगरिएका तर प्रतिवादीले जिकिर लिएका आय शीर्षकहरुको सम्बन्धमा, मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट ट्यूशन वापत रु. ५,४२,३३२।—; आँप बिक्री रु. ५,००,०००।—; दुध बिक्री रु. २,००,०००।—; चौपाया बिक्री रु. १,००,०००।—; परामर्श सेवा वापत रु. १,०५,०००।— र दान दक्षिणा रु. ५,००,०००।— प्रतिवादीको आयमा कायम गरी सम्मानित विशेष अदालतबाट भएको फैसलामा पुनरावेदक/वादीको अन्यथा जिकिर नरहेको।<br>**व्ययतर्फः**<br>**(क) घर जग्गा खरिदः**<br>**(अ)** प्रस्तुत मुद्दामा मिति २०६८/०७/०७ मा मालपोत कार्यालय, डिल्ली बजारको रजिष्ट्रेशन नं. ४३२/घ अनुसार प्रतिवादी बिजय कुमार चौधरीकी श्रीमति प्रतिवादी प्रियंका कुमारी चौधरीको नाममा रहेको जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३४ स्थित कित्ता नं. ८१६ क्षेत्रफल ०-६-२-३ भएको घर र जग्गा ब्रम्हश्याम मालाकारसँग राजिनामा लिखतमा उल्लिखित रु. ८१,००,०००।— मा खरिद भएको देखिए तापनि मिसिल संलग्न Bank Statement, प्रतिवादी प्रियंका कुमारी चौधरीको मौकाको बयान समेतका प्रमाणहरुबाट प्रतिवादीले उक्त घर जग्गा जम्मा रु. १,५०,००,०००।— मा खरिद गरेको देखिई आयोगबाट आरोपपत्रमा सोही अंक कायम गरी प्रतिवादीको व्ययमा गणना गरेको देखिएको।<br>**(आ)** प्रतिवादी प्रियंका कुमारी चौधरीको नाममा रहेको Sunrise Bank Ltd. को खाता नं. ००२१००५६०२६०१५ बाट मिति २०६८/०६/३० (सन् २०११-१०-१७) मा खिचिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत/असूल उपर गरी पाउन मागदावी लिइएको।<br>साथै, मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट प्रतिवादी बिजय कुमार चौधरीले गैरकानुनी रुपमा आर्जन गरेका स्रोत नखुल्ने सम्पत्तिहरु श्रीमति प्रियंका कुमारी चौधरी लगायतको नाममा राखेको देखिँदा उक्त सम्पत्तिहरु साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गर्ने प्रयोजनार्थ मात्र श्रीमति प्रियंका कुमारी चौधरीलाई प्रतिवादी कायम गरी उक्त सम्पत्तिहरु जफत गरी पाउन मागदावी लिइएको। | आ.व. २०५१/०५२ देखि आ.व. २०५५/०५६ सम्म जिल्ला कृषि विकास कार्यालयले तोरी प्रति के.जी. रु. ४।— दरभाउ राखेको र सोही अवधिमा कृषि ज्ञान केन्द्रले प्रति के.जी. रु. २८।— देखि रु. ३०।— सम्म दरभाउ राखेको देखिएको। जिल्ला कृषि विकास कार्यालय कै काम गर्ने गरी स्थापित भएको कृषि ज्ञान केन्द्रले दिएको विवरणलाई पनि अन्यथा भन्न सकिने अवस्था नरहेको र व्यवहारिक रुपमा पनि अन्न र दलहन भन्दा तेलहन बाली महंगो हुने हुँदा कृषि ज्ञान केन्द्रको तोरिको दरभाउलाई वास्तविक दरभाउ मानी आयमा कायम गर्नु न्यायिक दृष्टिकोणले उचित देखिएको। सो आधारमा आ.व. २०५१/०५२ देखि आ.व. २०७३/०७४ सम्मको तोरीको मात्र मूल्य जम्मा रु. ४,४२,७६०।— हुन आउने देखिएको। कृषि ज्ञान केन्द्रको विवरणबाट आएको अंकमा आरोपपत्रमा जोडिएको तोरीको मूल्य रु. ५४,४२४।— घटाउँदा हुन आउने अंक जम्मा रु. ३,८८,३३३।— तोरीको मूल्य कायम हुने देखिएको।<br>▪ आरोपपत्रको पृष्ठ १६ देखि १८ सम्म तालिका नं. १७ मा कृषि आय विवरणमा आ.व. २०५१/०५२ देखि आ.व. २०७४/०७५ सम्म कूल मूल्य रु. ५२,७५,६९०।— मा ३०% लागत रकम कटाउँदा बचत हुने जम्मा रु. ३६,९२,९८३।— उल्लेख भएको देखिएको। प्रतिवादीले जग्गा कमाउन अरु व्यक्तिलाई दिएको भन्ने वादी दावी पुष्टि हुन नसकेको देखिँदा उल्लिखित रकम रु. ३६,९२,९८३।— प्रतिवादीको कृषि आय कायम हुने देखिई सो रकममा कृषि ज्ञान केन्द्रले दिएको दर अनुसार कायम गरिएको तोरीको मूल्य रु. ३,८८,३३३।— जोड्दा हुन आउने अंक जम्मा रु. ४०,८१,३१६।— प्रतिवादीको कृषि आय कायम हुने देखिएको।<br>**(घ) नगद लाभाँशः**<br>यस शीर्षकमा आ.व. २०६८/०६९ सम्म आयोगबाट जम्मा रु. ४७,७००।— गणना गरिएको देखिन्छ। यस सम्बन्धमा अनुसन्धानबाट देखिएको लाभाँश रकमलाई कायम नगरी के आधारमा सो भन्दा कम रकम प्रतिवादीको आयमा जोडिएको हो भन्ने कुराको विश्लेषण गरेको वा आधार खुलेको नदेखिएको। प्रतिवादीको समग्र आय व्ययको अध्ययन गरी निजको स्रोत नखुलेको सम्पत्ति देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धमा निर्णयमा पुग्नुपर्ने हुँदा आरोपपत्रको पृष्ठ १५, शेयरबाट प्राप्त नगद लाभाँशको विवरण सम्बन्धी तालिका नं. १५ मा उल्लिखित रकम रु. १,५७,४३१।५६ नै यस शीर्षकमा प्रतिवादीको आय कायम हुने देखिएको।<br>**(ङ) आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएका निम्न आय शीर्षकहरुको सम्बन्धमाः**<br>**(अ) ट्यूशनः**<br>▪ प्रतिवादी बिजय कुमार चौधरीले विवरण सहितको कागज पेश गरी काठमाण्डौमा मानिसको घरमा गएर ट्यूशन पढाएर मात्रै रु. २५,८०,०००।— आय आर्जन गरेको भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रमाण ऐन, २०३१ को दफा २७ | चेक नं. १९३२६४, १९३२६७ र १९३२६६ बाट क्रमशः रु. ५,००,०००।-; रु. ३,००,०००।— र रु. ३,००,०००।— गरी जम्मा रु. ११,००,०००।— उक्त घर जग्गा बिक्रेता ब्रम्हश्याम मालाकारलाई बैनाको रुपमा दिएको भन्ने तथ्य प्रतिवादी प्रियंका कुमारी चौधरीको मौकाको बयानको स.ज. १५ बाट र Sunrise Bank Ltd. को Bank Statement बाट पुष्टि भएको देखिन्छ। साथै, प्रतिवादी प्रियंका कुमारी चौधरीकै नाममा रहेको उक्त बैंकको सोही खाताबाट मिति २०६८/०७/०८ (सन् २०११-१०-२५) मा खिचिएको चेक नं. १९३२६९ बाट रु. १०,००,०००।— उक्त घर जग्गा बिक्रेता ब्रम्हश्याम मालाकारलाई भुक्तानी भएको कुरा Sunrise Bank Ltd. को Bank Statement बाट पुष्टि भएको देखिएको। त्यसैगरी, प्रतिवादीका छोरा कुणाल चौधरीको नाममा रहेको सोही बैंकको खाता नं. ००२१००२४४९९०१९ बाट मिति २०६८/०७/०८ (सन् २०११-१०-२५) मा खिचिएको चेक नं. १२६०६१ बाट रु. १६,७५,०००।— र छोरी प्राची चौधरीको नाममा रहेको सोही बैंकको खाता नं. ००२१००१२४१८०१३ बाट मिति २०६८/०७/०८ (सन् २०११-१०-२५) मा खिचिएको चेक नं. ०९५८७९ बाट रु. १२,२५,०००।— गरी जम्मा रु. २९,००,०००।— उक्त घर जग्गा बिक्रेता ब्रम्हश्याम मालाकारलाई भुक्तानी भएको कुरा Sunrise Bank Ltd. को Bank Statement बाट पुष्टि भएको देखिन्छ। त्यस्तै, Nepal investment Bank Ltd. को Bank Statement बाट प्रतिवादी बिजय कुमार चौधरीको नाममा रहेको सोही बैंकको खाता नं. ००१०५०१०१५९१२७ बाट मिति २०६८/०७/०८ (सन् २०११-१०-२३) मा चेक नं. १०००८५८०८१ बाट रु. १,००,००,०००।— उक्त घर जग्गा बिक्रेता ब्रम्हश्याम मालाकारलाई भुक्तानी भएको कुरा पुष्टि भएको देखिन्छ। प्रतिवादी प्रियंका कुमारी चौधरीले अनुसन्धानको क्रममा गरिदिएको बयानको स.ज. १४ मा उक्त घर जग्गा बिक्रेता ब्रम्हश्याम मालाकारसँग घर जग्गा खरिद बिक्री बाहेक अन्य आर्थिक लेनदेन कारोबार छैन भनी उल्लेख भएको देखिन्छ। यसरी, प्रतिवादीले उक्त घर जग्गा लिखतमा उल्लिखित रु. ८१,००,०००।— मा खरिद गरेको नदेखिई माथि विवेचित आधार प्रमाणहरुबाट उक्त घर जग्गा जम्मा रु. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बमोजिम कुनै सजायमा कमी वा छुट हुने, सजायबाट रिहाई पाउने गरी कुनै पनि कुराको कसैले जिकिर लिन्छ भने उक्त कुराको प्रमाण जिकिर लिने व्यक्तिले नै पुऱ्याउनु पर्ने हुन्छ। प्रतिवादीले आफ्नो मासिक तलब भत्ताभन्दा बढी मासिक रुपमा ट्यूशनबाट आर्जन गरेको भनी अपत्यारिलो जिकिर लिएको; आफैले घरसारमा बनाउन सकिने बनावटी भरपाई कागज पेश गरेको देखिएको; पेशाले प्रतिवादी शिक्षक नभई इलेक्ट्रिकल इन्जिनियर भएको देखिँदा प्रतिवादीको पेशा र ट्यूशन बिचमा कुनै सार्थक सम्बन्ध नै नरहेको काम गरी आय आर्जन गरेको भनी प्रतिवादीले लिएको जिकिरसँग सहमत हुन नसकिएको।<br>▪ त्यसैगरी, प्रतिवादी बिजय कुमार चौधरीका पिता राजेन्द्र चौधरीले पनि ट्यूशन पढाएर जम्मा रु. २७,७४,०००।— आय आर्जन गरेको भनी प्रतिवादीले जिकिर लिएको देखिएको। यस सम्बन्धमा, प्रतिवादीका पिता राजेन्द्र चौधरी पेशाले शिक्षक रहेको देखिँदा ट्यूशनबाट आय आर्जन गरेको भन्ने भनाई स्वभाविक मानी शिक्षण पेशामा रहँदाको अवधिमा ट्यूशन पढाएको र त्यसबाट प्राप्त गरेको तलब रकमको २५% आर्जन गर्न सक्ने न्यायिक अनुमान गरी प्रतिवादीका पिता राजेन्द्र चौधरीले आरोपपत्रको पृष्ठ ४, तालिका नं. ४ मा उल्लिखित सेवा अवधि भरिमा आर्जन गरेको तलब रकम रु. २१,६९,३३१।२० को २५% ले हुने रु. ५,४२,३३२।— ट्यूशन वापत आर्जन गरेको रकम प्रतिवादीको आयमा जोड्न उचित देखिएको।<br>**(आ) आँप, दुध र चौपाया बिक्रीः**<br>यस शीर्षकमा प्रतिवादी बिजय कुमार चौधरीले आँप बिक्रीबाट रु. १२,४२,४००।—; दुध बिक्रीबाट रु. १६,३२,०००।— र चौपाया बिक्रीबाट रु. ५२,१००।— आय आर्जन भएको भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा आरोपपत्रको पृष्ठ ५, तालिका नं. ६ बाट प्रतिवादी बिजय कुमार चौधरीको जिल्ला महोत्तरी, रतौली गा.वि.स. मा पैतृक जग्गा प्रशस्त रहेको र सोही स्थानमा स्वआर्जित जग्गाहरु पनि रहेको कुरा देखिएको; निज प्रतिवादीले पेश गरेका प्रमाण कागजातहरुमा उक्त गाउँ विकास समितिको कार्यालयको मिति २०७२/१०/०२ को पत्रमा निज प्रतिवादीको जग्गामा आँपको रुख रहेको देखिएको र तराईको उक्त जिल्लामा आँप खेती हुने, पशुपालन र दुध बिक्री हुने जिल्लाभित्रै पर्ने कुरा स्वभाविक र व्यवहारिक हुने देखिन्छ। व्यवसायिक रुपमा उक्त पेशा अंगालेको भनी प्रतिवादीको जिकिर नरहेको; सो कुरा पुष्टि हुने प्रमाण समेत पेश नभएको र प्रतिवादीको परिवारमा काम गर्ने जनशक्ति समेतलाई विचार गरी अदालतले न्यायिक अनुमान गरेर आँप बिक्रीबाट रु. ५,००,०००।—; दुध बिक्रीबाट रु. २,००,०००।— र चौपाया बिक्रीबाट रु. १,००,०००।— आय आर्जन गरेको मानी उक्त रकमहरु प्रतिवादी बिजय कुमार चौधरीको आयमा जोडिदिनु उचित देखिएको।<br>**(इ) परामर्श सेवाः** | १,५०,००,०००।— मा नै खरिद गरेको पुष्टि भएको।<br>**(इ)** यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट *"...सम्पत्ति आर्जन गर्दाको अवस्थामा लागेको लागत मूल्य कति हो भन्ने यकिन गर्दा सर्वप्रथम लिखतमा जनिएको वा उल्लेख भएको मूल्यलाई आधिकारिक मूल्य मान्नु पर्ने हुन्छ। किनकि प्रमाण कानूनले **अन्यथा प्रमाणित नभएसम्म** लिखत प्रमाणलाई सर्वोत्तम प्रमाणको रूपमा मान्दछ..."*[1] भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यसैगरी, सम्मानित सर्वोच्च अदालतबाट *"अचल सम्पत्तिको हक प्राप्त गर्ने प्राथमिक र विश्वसनीय आधारभूत प्रमाण आधिकारिक निकाय मालपोत कार्यालयबाट पारित रजिस्ट्रेसनको लिखत हो। सो लिखतमा लेखिएको व्यहोरा **अन्यथा नभएसम्म** मान्नु पर्ने हुने।"*[2] भन्ने सिद्धान्त प्रतिपादन भएको।<br>**(ई)** तसर्थ, विभिन्न बैंकका चेकहरु, बैंक स्टेटमेन्ट, प्रतिवादी प्रियंका कुमारी चौधरीको मौकाको बयान बेहोरा समेतका आधारमा प्रतिवादीले घर जग्गा बिक्रेतासँग अन्य कुनै आर्थिक लेनदेन कारोबार भएको/गरेको तथ्य पुष्टि गर्ने तथ्ययुक्त तथा वस्तुपरक आधार प्रमाण पेस गरेको नदेखिएकोले प्रतिवादीको जिकिर बेहोरा विश्वसनीय देखिँदैन। उक्त घर जग्गाको लिखतमा अङ्कित मूल्य अन्यथा प्रमाणित भएको अवस्था देखिँदा देखिँदै विवादित लिखतमा अङ्कित मूल्यलाई नै आधार मानी सम्मानित विशेष अदालतबाट यस शीर्षकमा प्रतिवादीको व्यय रकम कायम गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(ख)** प्रस्तुत मुद्दामा आयोगको दावी बमोजिम नै घर फर्निसिङ्ग/उपकरण खरिदमा रु. ७,२९,०००।— र रजिष्ट्रेशन दस्तुर वापत रु. ३,०९,९००।— प्रतिवादीको व्ययमा कायम हुने गरी सम्मानित विशेष अदालतबाट फैसला भएको।<br>**(ग)** मिसिल संलग्न आधार कारण र प्रमाणहरुको आधारमा जग्गा खरिदमा रु. ४२,००,०००।—; बीमा शुल्क भुक्तानी वापत रु. १,३०,०८०।—; शेयर खरिदमा रु. ९६,३००।—; अध्ययन खर्च रु. १०,६४,३६४।— र बैंक मौज्दात रु. ३०,३०,३४१।२५ प्रतिवादीको व्ययमा कायम गरी सम्मानित विशेष अदालतबाट भएको फैसला अन्यथा पुष्टि हुने |

[1] *नेपाल सरकार वि. महेन्द्र गौतम समेत,* मुद्दाः गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको (ने.का.प. २०७४, अंक १, नि.नं. ९७५१)

[2] *नेपाल सरकार वि. ईश्वरप्रसाद पोखरेल समेत,* मुद्दाः गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको (ने.का.प. २०७२, अंक ९, नि.नं. ९४६१)

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | यस शीर्षकमा प्रतिवादी बिजय कुमार चौधरीले रु. १,०५,०००।— आर्जन गरेको रकम थप गरिनु पर्छ भनी प्रतिवादीको जिकिर रहेको देखिएको। यस सम्बन्धमा, प्रतिवादी बिजय कुमार चौधरीले अदालतसमक्ष पेश गरेका मल्टी इन्जिनियरिङ्ग एण्ड हेल्थ कन्सल्टेन्स प्रा.लि. को मिति २०५८/१२/२८ को पत्रबाट रु. ४५,०००।— र मिति २०५८/०३/०१ को पत्रबाट रु. ६०,०००।— गरी जम्मा रु. १,०५,०००।— अग्रिम आयकर कट्टा गरी परामर्श सेवा वापत प्राप्त गरेको देखिँदा उक्त रकम प्रतिवादीको आयमा कायम हुने देखिएको।<br>**(ई) दान दक्षिणाः**<br>यस शीर्षकमा प्रतिवादी प्रियंका कुमारी चौधरीको माइती भारतमा रहेको र निजका माइतीबाट उपहार स्वरुप जम्मा रु. २०,००,०००।— प्राप्त भएको भनी प्रतिवादीले जिकिर लिएको र रु. १५,००,०००।— को GIFT DECLARATION को कागज समेत पेश भएको देखिए तापनि उक्त कागजको आधिकारिकता पुष्टि हुन सक्ने अवस्था देखिँदैन। हाम्रो सामाजिक व्यवहारमा विवाह हुँदा छोरी चेलीलाई नगद र गरगहना उपहार दिने प्रचलन रहेकोले विवाहमा दिइने नगद र गरगहना लगायत दान दखष्णा आयमा गणना गरिने न्यायिक अभ्यास पनि रहिआएको सन्दर्भमा अदालती अभ्यासका आधारमा न्यायिक अनुमानित रकम रु. ५,००,०००।— प्रतिवादीको आयमा कायम गरिदिनु उचित देखिएको।<br>प्रतिवादी बिजय कुमार चौधरीले **रुख बिक्री, सुन बिक्री** लगायतका शीर्षकहरुमा आय आर्जन गरेको भनी उल्लेख गरेका रकमहरुको स्रोत वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिँदा उक्त शीर्षकहरुमा आय कायम हुने नदेखिएको।<br>**<u>व्ययतर्फः</u>**<br>**(क) घर जग्गा खरिदः**<br>▪ यस शीर्षकमा आ.व. २०६८/०६९ सम्म आयोगबाट लिखतमा खरिद मूल्य रु. ८१,००,०००।— उल्लेख भए तापनि प्रतिवादी बिजय कुमार चौधरीकी श्रीमति प्रतिवादी प्रियंका कुमारी चौधरी, निजको छोरा कुणाल चौधरी र निजकी छोरी प्राची चौधरीको खाताबाट विभिन्न चेकहरु मार्फत् घर खरिद गर्दाको समयमा घर बिक्रेतालाई रु. १,५०,००,०००।— भुक्तानी भएको बैंक स्टेटमेन्टहरुबाट देखिएकोले घरको खरिद मूल्य रु. १,५०,००,०००।— नै कायम गरिएको देखिएको। प्रतिवादीले लिखत मूल्य रु. ८१,००,०००।— नै व्यय कायम गरिनुपर्छ भनी जिकिर लिएको देखिएको। यस सम्बन्धमा, घर धनी प्रतिवादी प्रियंका कुमारी चौधरीले मौकाको बयानमा स.ज. १६ मा जग्गा बिक्रेता ब्रम्हश्याम मालाकारलाई भुक्तानी दिएको रकम मध्ये रु. ६९,००,०००।— निजलाई बैंकको घर जग्गा वापतको ऋण तिर्न दिएको हो, सो रकम निजले नगदै फर्काएको भनी उल्लेख गरिदिएको देखिन्छ। त्यसैगरी, प्रतिवादी प्रियंका कुमारी चौधरीले अदालत समक्षको बयानको स.ज. १० मा निजले खरिद गर्न लागेको उक्त घर जग्गा नेपाल इन्भेष्टमेण्ट बैंकबाट रु. १,००,००,०००।— को ऋण भएकोले रोक्का रहेको हुँदा उक्त घरजग्गा | अवस्था नदेखिँदा पुनरावेदक/वादीको थप जिकिर नरहेको।<br>प्रस्तुत मुद्दामा आयोगबाट **रु. २,१४,५८,८३४।१४ (अक्षरेपि दुई करोड चौध लाख अन्ठाउन्न हजार आठ सय चौतीस र पैसा चौध मात्र)** बिगो कायम गरिएकोमा माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट आयोगको मागदावी तथा जिकिर, प्रतिवादीको जिकिर र सम्मानित विशेष अदालतको मूल्याङ्कन समेतका आधारमा प्रतिवादीको जाँच अवधिको आय र व्यय कायम हुने भई प्रतिवादीले जम्मा **रु. ९०,६८,०४१।७१ (अक्षरेपि नब्बे लाख अडसाठी हजार एकचालीस र पैसा एकहत्तर मात्र)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको।<br>अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट आयोगले कायम गरेको प्रतिवादी बिजय कुमार चौधरीको जाँच अवधिको समग्र व्यय जम्मा **रु. २,४५,५९,९८५।२५ (अक्षरेपि दुई करोड पैतालीस लाख उनान्साठी हजार नौ सय पचासी र पैसा पच्चीस मात्र)** र जाँच अवधिको समग्र वैधानिक आय **रु. १,५४,९१,९४३।५४ (अक्षरेपि एक करोड चौवन्न लाख एकान्नब्बे हजार नौ सय त्रिचालीस र पैसा चौवन्न मात्र)** देखिएकोले निज प्रतिवादीले **रु. ९०,६८,०४१।७१ (अक्षरेपि नब्बे लाख अडसाठी हजार एकचालीस र पैसा एकहत्तर मात्र)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको। सम्मानित विशेष अदालतबाट आंशिक वादी दावी पुग्ने ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेकोले उक्त त्रुटिपूर्ण फैसला बदर गरी प्रस्तुत पुनरावेदन जिकिर बमोजिम प्रतिवादी बिजय कुमार चौधरीले गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी अर्का प्रतिवादी प्रियंका कुमारी चौधरीको नाममा उक्त गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति राखी भ्रष्टाचार गरेको ठहर गरी आयोगको मागदावी तथा पुनरावेदन जिकिर बमोजिम सजाय गरी सम्पत्ति जफत गरी पाउन मागदाबी रहेको। |

रोक्का फुकुवा गर्न बिक्रेतालाई रु. ६९,००,०००।— दिई बाँकी रकम निज प्रतिवादीका पति प्रतिवादी बिजय कुमार चौधरीले लगानी गरेर उक्त घर जग्गा रोक्का फुकुवा गरे पश्चात किनबेच भएको हो, सोही रकम निजलाई फर्काएको भनी जिकिर लिएको देखिएको।

- अनुसन्धानको क्रममा जग्गा बिक्रेता ब्रम्हश्याम मालाकारलाई बुझिएको नदेखिँदा निजलाई बुझ्नुपर्ने देखिई अदालतबाट पटकपटक आदेश भएकोमा निजलाई उपस्थित गराउन नसकिएको। विशेष अदालत ऐन, २०५९ को दफा ७(ख) बमोजिम पक्राउ गरी बकपत्रको लागि उपस्थित गराउन अदालतबाट आदेश हुँदा निजको घरद्वार नै पत्ता नलागेको भनी मुचुल्का समेत भएर आएको देखिँदा निजको बकपत्र भएर कारोबारको रकम कति हो भन्ने यकिन हुन नसकेको। त्यसैले, अन्यथा पुष्टि नभएको अवस्थामा लिखत मूल्य रु. ८१,००,०००।— नै घरजग्गा खरिदको व्यय रकम मान्नुपर्ने देखिएको।

**(ख) जग्गा खरिदः**

यस शीर्षकमा आ.व. २०६८/०६९ सम्म आयोगबाट जम्मा रु. २०,००,०००।— गणना गरिएको देखिन्छ। यस सम्बन्धमा, आरोपपत्रको पृष्ठ ७, तालिका नं. ९ मा प्रतिवादीले मिति २०६३/०७/२३, २०६४/११/२०, २०७०/०५/११ र २०७०/१२/३० मा गरी जम्मा रु. ४२,००,०००।— परल मूल्य रहेका जग्गाहरु खरिद गरेको देखिँदा प्रतिवादीको जाँच अवधिभित्रको सम्पूर्ण आय व्ययलाई समग्रतामा हेरिने हुँदा यस शीर्षकमा जम्मा खर्च गरेको रकम रु. ४२,००,०००।— व्यय कायम हुने देखिएको।

**(ग) बीमा शुल्क भुक्तानीः**

यस शीर्षकमा आ.व. २०६८/०६९ सम्म आयोगबाट जम्मा रु. ३२,५२०।— कायम गरिएकोमा आरोपपत्रको पृष्ठ १९, तालिका नं. १९ मा आ.व. २०७४/०७५ सम्म जम्मा रु. १,३०,०८०।— प्रिमियम बुझाई सकेको देखिँदा उक्त रकम यस शीर्षकमा व्यय कायम हुने देखिएको।

**(घ) अध्ययन खर्चः**

यस शीर्षकमा आ.व. २०६८/०६९ सम्म आयोगबाट जम्मा रु. १,७०,५६६।— कायम गरिएकोमा आरोपत्रको पृष्ठ १८, तालिका नं. १८ मा प्रतिवादीका छोराछोरीको अध्ययन खर्चको विवरणमा जम्मा रु. १०,६४,३६४।— व्यय भएको हुँदा सम्पूर्ण जाँच अवधिको अध्ययन खर्च जम्मा रु. १०,६४,३६४।— यस शीर्षकमा व्यय कायम हुने देखिएको।

**(ङ) बैंक मौज्दातः**

यस शीर्षकमा आ.व. २०६८/०६९ सम्म आयोगबाट जम्मा रु. ९९,३२,१६४।४६ कायम गरिएकोमा अनुसन्धान अवधिको अन्त्यसम्ममा प्रतिवादीको बैंक मौज्दात जम्मा रु. ३०,३०,३४१।२५ देखिएको हुँदा सोही रकम व्ययमा कायम हुने देखिएको।

(च)आयोगबाट **घर फर्निसिङ्ग/उपकरण खरिद**मा रु. ७,२९,०००।— र **रजिष्ट्रेशन दस्तुर** रु. ३,०९,९००।— कायम गरिएकोमा सम्मानित विशेष अदालतबाट उक्त

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | शीर्षकहरुमा आयोगले नै गणना गरेको व्यय अंक कायम भएको देखिएको तथा आयोगबाट **शेयर खरिद** शीर्षकमा आ.व. २०६८/०६९ सम्म जम्मा रु. ५३,०००।— व्यय कायम गरिएकोमा सम्मानित विशेष अदालतबाट उक्त शीर्षकमा रु. ९६,३००।— व्यय कायम भएको देखिएको। | |